फुङलिङ्ग नगरपालिकाको कार्यालय ताप्लेजुङ्गको

# औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धि सिलबन्दि दरभाउ पत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७५।११।०८*

*ठेक्का नं. Ph.M.-Tpj/G/SQ-06/2075/076*

यस फुङलिङ्ग नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व.२०७५/७६ का लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु सिलबन्दि दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म (मिति २०७५।११।२२ गते) *फुङलिङ्ग नगरपालिका ताप्लेजुङ्गबाट* कार्यालय समय भित्र औषधि तथा सर्जिकल सामानहरुको दरभाउ पत्र यस कार्यालयको स्वास्थ्य शाखा, जिल्ला प्रशासन कार्यालय र को.ले.नि.का मध्ये कुनै पनि स्थानबाट फारम खरिद गरी यस कार्यालयको स्वास्थ्य शाखामा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१। दरभाउ पत्र खरिद गर्न आधिकारिक निबेदनका साथ: अनिवार्य निम्न कागजातहरु संलग्न गर्नु पर्ने छ। (क) औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (ग) आ.ब.२०७४/७५ सम्म कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (घ) प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा नीजको आधिकारिक मञ्जुरीनामा र (ङ) फर्म वा व्यवशाय दर्ता प्रमाण पत्रको प्रतिलिपि (च) ***यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (रु.एक हजार) फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर।***

२। रित पूर्वक खरिद भएका दरभाउ पत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजेसम्म दर्ता गरी सक्नु पर्ने र सो सिलबन्दी मिति २०७५।११।२३ गते को २:०० बजे यस कार्यालयमा खोलिने छ। दरभाउ पत्रदाता वा नीजको प्रतिनिधि नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

३। रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कार्यबाही गरिने छैन।

४। दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलि पल्ट सोही समयमा हुने छ।

५। दरभाउ पत्र दाताले फुङलिङ्ग नगरपालिकाको कार्यालय ताप्लेजुङ्गको ने.बै.लि. ताप्लेजुङ्ग स्थित धरौटी खाता नं ०६२०३०००००००३००००१ मा धरौटी रकम लागत मुल्यको ३ प्रतिशत वा रु. ५३१०३।०० (रुपैया त्रिपन्न हजार एकसय तीन मात्र) जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको) बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।

६। दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ।

७। दरभाउ पत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा अनिबार्य उल्लेख गर्नु पर्ने छ। अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइने छ।

८। पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

९। खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा १८ महिना बाँकी रहेको हुनु पर्ने छ। र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनु पर्ने छ।

१०। दरभाउ पत्रदाताले आफूले दिन चाहेको औषधिको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्ट सँग उल्लेख गर्नु पर्ने छ।

११। सिलबन्दि दरभाउ पत्र स्वीकृत भए पछि सम्झौता गर्न आउँदा कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालय ताप्लेजुङ्गको ने.बै.लि. स्थित खाता नं ०६२०३०००००००३००००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का शर्त रहेको कुनै मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफर्मेन्स ग्यारेन्टि) पेश गर्नु पर्ने छ।

१२। दरभाउ पत्रदाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनु पर्ने छ।

१३। दरभाउ पत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आवश्यकतानुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिबर्तन गर्न पाउने छैन।

१४। दरभाउ पत्र दाखिला गर्दा दरभाउ पत्र साथ आफूले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दि गरी छुट्टै पेश गर्नु पर्ने छ।

१५। दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नु पर्ने छ र सोही फारमको प्रत्येक पानामा दरभाउ पत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्दछ।

१६। एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन। यदि दाखिला गरेको पाइएमा नीजले पेश गरेको दरभाउ पत्र अमान्य हुने छ।

१७। आफूले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधिको प्याकिङ्ग (स्ट्रीप, बोत्तल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र ***"नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि" वा "यो औषधि बिक्रीका लागि होइन"*** भनी प्याकिङ्गमा स्पष्ट सँग उल्लेख भएको हुनु पर्नेछ। सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन।

१८। सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोत्तलमा प्याकिङ्ग भएको हुनु पर्ने छ।

१९। दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ।

२०। आफूले दाखिला गरेको दरभाउ पत्र फिर्ता लिन चाहेमा अनिबार्य दरभाउ पत्रदाता स्वयं वा नीजको आधिकारिक प्रतिनिधि उपस्थित भइ सक्कलै निबेदन पेश गर्नु पर्ने छ। फ्याक्स वा अन्य कुनै माध्यमबाट प्राप्त निबेदन मान्य हुने छैन।

२१। यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुने छ। अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

२२। औषधिको लागत अनुमान अंक मु.अ.कर सहित रु.१७,७०,०८१।७१ पै.( सत्र लाख सत्तरी हजार एकासी रुपैया एकहत्तर पैसा मात्र) रहेको छ।

फुङलिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ताप्लेजुङ १ नं. प्रदेश नेपाल २०७३

२०७५।११।८

प्रमुख प्रशासकीय अधिकृत

(प्रकाश कुमार पोखरेल)